प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोषको स्थापना र सञ्चालनको सम्वन्धमा नेपाल सरकारले देहायको कार्यविधि वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्वन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ ।

(ख) 'कोष' भन्नाले दफा ३ बमोजिमको कोष सम्झनुपर्छ ।

(ग) 'समिति' भन्नाले दफा ६ बमोजिम गठन हुने कोष परिचालन, पुरस्कार तथा सहयोग सिफारिस समिति सम्झनुपर्छ ।

३. कोषको स्थापनाः (१) मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने प्रतिभाशाली वालवालिका, युवा तथा अन्य व्यक्तिलाई प्रोत्साहन गर्ने, सहयोग गर्ने तथा पुरस्कृत गर्ने प्रयोजनका लागि रकमको व्यवस्था गर्न प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोषको नाममा एक कोष स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछः-

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयबाट प्राप्त भएको अमेरिकी डलर एक लाख वरावरको रकम,

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयबाट नेपाल सरकारले उपलव्ध गराएको रकम,

(ग) अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई विदेशी सरकारी तथा गैर सरकारी निकाय वा व्यक्तिवाट प्राप्त हुने रकम,

(घ) स्वदेशी सङ्घ संस्था, व्यवसायी वा व्यक्तिवाट प्राप्त हुने रकम,

(ङ) नेपाल सरकारले समय समयमा उपलव्ध गराउने अन्य रकम,

(च) वैंकमा जम्मा भएको रकमको व्याजबाट प्राप्त हुने रकम ।

(३) कोषमा रहने रकम समितिले तोकेको वैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको "क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

४. कोषको सञ्चालनः कोषको सञ्चालन समितिका सदस्य-सचिव र कार्यालयको आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५. कोषको प्रयोगः कोषमा जम्मा भएको रकम देहायबमोजिमको कार्यमा प्रयोग गरिनेछः-

(क) मुलुकमा शान्ति, सुशासन, नव प्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने प्रतिभाशाली बालबालिका, युवा तथा अन्य व्यक्तिलाई पुरस्कार प्रदान गर्न,

(ख) असाधारण प्रतिभा भएका र वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा योगदान पुऱ्याउने वा त्यस्तो संभावना भएका प्रतिभाशाली बालबालिका, युवा तथा अन्य व्यक्तिलाई त्यस्तो कार्यमा अनुदान तथा सहयोग उपलब्ध गराउन ।

६. कोष परिचालन, पुरस्कार तथा सहयोग सिफारिस समितिः (१) कोषको परिचालन, पुरस्कार तथा सहयोगको सिफारिस गर्नका लागि देहायबमोजिमको एक समिति रहनेछः-

(क) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(घ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(ङ) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट कार्यालयले मनोनयन गरेका दुई जना - सदस्य

(च) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) समितिले कोषको परिचालन, पुरस्कार तथा प्रदान गरिने सहयोगको रकम सिफारिस गर्दा निष्पक्ष, पारदर्शी र उत्तरदायीरूपमा गर्नु पर्नेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उद्देश्य अनुरूप कोषको सञ्चालन गर्ने वा गराउने,

(ख) पुरस्कृत गरिने तथा सहयोग उपलब्ध गराइने प्रतिभाशाली बालबालिका, युवा तथा अन्य व्यक्तिहरूको विवरण तयार गर्ने,



Scanned with CamScanner

(ग) दफा ३ मा उल्लेख भएवमोजिमको प्रयोजनका लागि पुरस्कृत हुने तथा सहयोग प्रदान गरिने व्यक्तिहरुको छनौट गरी सिफारिस गर्ने,

(घ) कोपको मूल धन अक्षय रहने गरी संरक्षणको व्यवस्था मिलाई उपयुक्त वैङ्कमा मुद्दति निक्षेपमा जम्मा गर्ने वा गराउने,

(ङ) पुरस्कार तथा सहयोगका लागि आवश्यक रकम यकिन गरी उपलब्ध गराउने।

८. <u>पुरस्कार तथा सहयोगः</u> कोपमा जम्मा भएको रकमवाट प्रत्येक वर्प कोपको उद्देश्य अनुरूपको कार्य गर्ने वढीमा दुई जनासम्मलाई जनही पाँच लाख रुपैंयाका दरले नगद पुरस्कार तथा सहयोग रकम र प्रमाण पत्र प्रदान गरिनेछ ।

९. <u>पुरस्कार प्रदान गर्ने कार्यविधि:</u> कोषवाट प्रदान गरिने पुरस्कार एवं सहयोग प्राप्त गर्ने व्यक्तिको पहिचान र छनौट गर्न दफा ६ वमोजिमको समितिले देहायवमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछः

(क) हरेक वर्प समाप्त भएको दुई महिनाभित्र अघिल्लो वर्पमा मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासमा महत्त्वपूर्ण योगदान गर्ने युवा तथा वैज्ञानिकको सूची तयार गर्ने,

(ख) असाधारण प्रतिभा भएका र वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा योगदान पुऱ्याउने वा त्यस्तो संभावना भएका प्रतिभाशाली वालवालिका एवं युवाहरूको पहिचान गरी सूची तयार गर्ने,

(ग) सङ्कलित सूचीमध्येवाट पुरस्कार तथा सहयोग प्रदान गर्ने आधार र कारणसहित उपयुक्त व्यक्ति छनौट गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) समितिको सिफारिस वमोजिम नेपाल सरकारले पुरस्कार तथा सहयोगको घोपणा गर्न सक्ने,

(ङ) नेपाल सरकारको निर्णय वमोजिम पुरस्कृत हुने तथा सहयोग प्राप्त गर्ने वालवालिका, युवा तथा अन्य व्यक्तिलाई प्रत्येक वर्प असोज एक गते सम्माननीय प्रधानमन्त्रीवाट पुरस्कृत गर्ने,

(च) खण्ड (ङ) वमोजिम कुनै वर्प कुनै कारणले पुरस्कार तथा सहयोग प्राप्त गर्ने व्यक्ति घोपणा नभएमा वा हुन नसकेमा त्यस्तो वर्पको लागि समेत समितिले पुरस्कार तथा सहयोग प्राप्त गर्ने व्यक्ति घोपणा गरी अर्को वर्प पुरस्कार वितरण गर्न सक्नेछ।



Scanned with CamScanner

१०. कोषको लेखा र लेखापरीक्षण: (१) कोषको सञ्चालन कार्यालयबाट हुनेछ।

(२) कोषले नेपाल सरकारले अपनाएको लेखा प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

(३) कोषको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

११. प्रतिवेदन: समितिले यस कार्यविधि बमोजिम भए गरेका कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र कार्यालयमा पेश गर्नुपर्नेछ।

१२. अधिकार प्रत्यायोजन: समितले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका कुनै सदस्य वा कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. मापदण्ड बनाउन सक्ने: यस कार्यविधि बमोजिमको कोष सञ्चालन गर्न तथा पुरस्कार र सहयोग रकम वितरण गर्ने प्रयोजनका लागि समितिले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

१४. बाधा अड्काउ फुकाउन सक्ने: कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

१५. खारेजी र बचाउ: (१) प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरिएको काम यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ ।

Scanned with CamScanner